मिति: २०८३/०७/२७
चलानी नं.: ५३/२०८३/८४

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार, काठमाडौ ।

विषय: आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिक वित्तिय प्रतिवेदन पेश गरिएको सम्बन्धमा ।

महोदय,

उपर्युक्त सम्बन्धमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची-१४,नियम २६ को उपनियम (१) संग सम्बन्धीत यस कम्पनीको आ.वा. २०८३/८४ को प्रथम त्रैमासिक अपरिष्कृत वित्तीय विवरण सहितको प्रतिबेदन मिति २०८३ साल.कार्त्तिक महिना २९ गते आईतबारका दिन नेपाल समाचार पत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिने हुँदा सो प्रतिबेदनको १ थान त्यहाँको जानकारीका लागी यसै पत्र साथ संलग्न गरी पेश गरीएको ब्यहोरा अनुरोध गर्दछौ ।

EVEREST COLOUR LTD. NEPAL

.....

कृष्ण बहादुर लामा
प्रमुख वित्तीय अधिकृत

संलग्न कागजातहरु :

१. आ.व. २०८३/८४ को प्रथम त्रैमासिक वित्तीय प्रतिवेदनको प्रतिलिप ।

धितोपत्र दर्ता तथा निष्काशन नियमावली

२०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

आ.व. २०८३/८४ को प्रथम त्रैमासिक अवधिको विवरण

Everest Colour Limited

Registered Office: Madhyapur Thimi-3, Bhaktapur Factory: Khairahani-3, Chitwan, Nepal

Unaudited Statement of Financial Position

As at Ashwin 31, 2083 (October 17, 2026) First Quarter Fiscal Year 2083-84

Amount in NPR

Particulars	As at 31 Ashwin 2083 (Unaudited)	As at 32 Ashadh 2083 (Audited)	As at 31 Ashwin 2082 (Unaudited)
Assets			
Non Current Assets			
Property, Plant and Equipment	135,855,892	128,225,048	120,905,392
Intangible Assets	493,794	508,942	557,395
Deferred Tax Assets (Net)	-	-	-
Investment in Shares	-	-	-
Total Non-Current Assets	**136,349,687**	**128,733,990**	**121,462,787**
Current Assets			
Inventories	50,263,419	49,347,544	39,494,335
Income Tax Receivable	400,307	3,931,087	342
Trade and other receivable	172,855,964	140,138,091	112,035,975
Advance and deposits	5,171,155	3,258,189	3,238,189
Cash and cash equivalents	66,222,483	84,555,311	11,602,354
Other Financial Assets	7,547,595	5,347,471	3,855,753
Total Current Assets	**302,460,923**	**286,577,692**	**170,226,947**
Total Assets	**438,810,610**	**415,311,682**	**291,689,734**
Equity			
Share Capital	300,000,000	300,000,000	221,000,000
Retained Earnings	29,449,925	18,608,669	5,856,008
Revaluation Reserve	30,837,200	30,837,200	30,837,200
Total Equity	**360,287,125**	**349,445,869**	**257,693,208**
Liabilities			
Non Current Liabilities			
Loans and Borrowings	5,341,254	5,883,619	3,734,853
Non current Portion of Lease Liability	3,966,220	3,348,306	-
Deferred Tax Liabilities(Net)	3,403,881	3,174,864	2,918,873
Total Non-Current Liabilities	**12,711,355**	**12,406,789**	**6,653,726**
Current Liabilities			
Trade and other payables	25,247,813	19,318,626	18,668,385
Short Term Borrowings	13,397,289	11,579,000	-
Current Portion of Lease Liability	386,039	525,481	209,465
Tax Liabilities	8,916,714	10,302,331	4,540,417
Employee Benefits Liability	7,854,713	7,375,859	1,026,807
Other Liabilities	10,009,563	4,357,729	2,897,727
Total Current Liabilities	**65,812,130**	**53,459,025**	**27,342,801**
Total Liabilities	**78,523,485**	**65,865,813**	**33,996,527**
Total Equity and Liabilities	**438,810,610**	**415,311,682**	**291,689,734**

Particulars	Period Ended 31 Ashwin 2083 (Unaudited)	Year Ended 32 Ashadh 2083 (Audited)	Period Ended 31 Ashwin 2082 (Unaudited)
Revenue from operations	73,524,167	172,641,586	41,368,309
Cost of Goods Sold	35,530,273	81,145,253	19,826,226
Gross Profit	**37,993,894**	**91,496,333**	**21,542,082**
Other Income	24,657	408,179	28,563
Employee Benefit Expenses	4,472,285	12,984,849	2,913,256
Administrative Expenses	5,671,913	12,235,271	2,956,334
Depreciation	1,438,207	4,564,053	998,526
Amortisation	20,148	78,117	19,664
Selling And Distribution Expenses	12,430,136	33,699,063	8,613,991
Profit from Operations	**13,985,862**	**28,343,159**	**6,068,875**
Finance Cost	242,331	919,077	122,084
Profit Before Tax	**13,743,531**	**27,424,082**	**5,946,791**
Income Tax Expense			
Current Tax	2,563,750	4,933,213	-
Deferred Tax Expense/ (Income)	229,017	255,976	-
Profit From Continuing Operations	**10,950,764**	**22,234,893**	**5,946,791**
Profit /(Loss) On Discontinued Operations (Net Of Tax)		-	
CSR Appropriation	109,508	222,349	
Net Profit For The Year	**10,841,256**	**22,012,544**	**5,946,791**
Basic Earnings Per Share (NPR)	**3.61**	**9.67**	**2.69**
Diluted Earnings Per Share (NPR)	**3.61**	**9.67**	**2.69**

Unaudited Statement of Comprehensive Income

For the period ended Ashwin 31, 2083 (October 17, 2026)

Particulars	Period Ended 31 Ashwin 2083 (Unaudited)	Year Ended 32 Ashadh 2083 (Audited)	Period Ended 31 Ashwin 2082 (Unaudited)
Net Profit For The Year As Per Profit Or Loss Statements	10,841,256	22,012,544	5,946,791
Other Comprehensive Income			
Gain/(Loss) On Revaluation Available-For-Sale Financial Assets Reclassification Adjustments Exchange Gain/Loss Arising On Translation Of Foreign Operations Actuarial Gain/Loss On Defined Benefit Pension Schemes Tax Relating To Components Of Other Comprehensive Income		-	-
Total Other Comprehensive Income (OCI)		-	-
Total Comprehensive Income (TCI)	**10,841,256**	**22,012,544**	**5,946,791**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

आ.व. २०८३/८४ को प्रथम त्रैमासिक अवधिको विवरण

१. वित्तीय विवरण

(क) यस कम्पनीको आ.व. २०८३/८४ को प्रथम त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरु :

प्रति शेयर आम्दानी (वार्षिकिकरण)	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कूल सम्पत्तिको मूल्य	तरलता अनुपात
१४.४६	८८.५५	१२०.१०	१४६.२७	४.६०

२. व्यवस्थापकीय विश्लेषण :

(क) त्रैमासिक अवधिमा कम्पनीको कारोबार निरन्तर वृद्धि भई रहेको र कम्पनीको मौज्दात, लगानी, व्यवस्थापन, आम्दानी र तरलता सन्तोषजनक रहेको छ ।

(ख) यस कम्पनीले आफ्नो लक्ष्य अनुरुप खैरहनी-३, चितवन स्थित कारखानाको क्षमता अभिवृद्ध गर्न अत्याधुनिक मेशिन तथा उपकरण थप जडान गर्ने कार्य सम्पन्न भईसकेको छ । घरेलु बजारमा आफ्नो उपस्थिति मजबुत बनाउन र ब्राण्डको उपस्थिति दरो बनाउन बजार विस्तार तथा ब्राण्ड प्रबर्द्धनका लागि डिलर नेटवर्क विस्तार गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ ।

(ग) कम्पनीले सर्वसाधारणमा शेयर निष्काशन गर्दा प्रचलित कानून तथा निष्काशन सम्बन्धी विवरणपत्रमा उल्लेखित उद्देश्यबमोजिम प्राप्त रकमको उपयोग गरिरहेको छ । यस अन्तरगत मेशिन तथा उपकरण खरीद, ढुवानीका लागि ट्रक खरीद कार्य सम्पन्न भईसकेको र अफिस उपकरण, सवारी साधन खरीद कार्य आवश्यकतानुसार क्रमिक रुपमा भईरहेको छ भने मुख्य कार्यालय र विराटनगर शाखाको लागि जग्गा खरीदको प्रक्रिया अघि बढाईएको छ ।

३. कानुनी कारवाही सम्बन्धी विवरण :

(क) यस त्रैमासिक अवधिमा कम्पनीको वा कम्पनीको विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना समेत प्राप्त भएको पनि छैन । कम्पनीको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन । कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) आ.व.२०७६/०७७ का मूल्य अभिवृद्धि करतर्फ गरिएको कर निर्धारण उपर चित्त नबुझाई आन्तरिक राजस्व विभाग, प्रशासकीय पुनरावलोकन शाखामा हद म्याद भित्र प्रशासकीय पुनरावलोकन गरिएकोमा आर्थिक विधेयक दफा ४६ ले प्रदान गरेको सुविधा लिने प्रयोजनका लागि पुनरावलोकन फिर्ता लिईएको र कम्पनीले पाउने सुविधा उपभोग गरी उक्त प्रशासकीय पुनरावलोकनको दावी वाट अगल भएका छौं ।

४. संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :

(क) धितोपत्र विनिमय बजारको खुल्ला बजार कारोबारले यस कम्पनीको शेयरको बजार मूल्य निर्धारण हुने हुँदा व्यवस्थापनको यस सम्बन्धमा कुनै टिप्पणी छैन ।

(ख) यस कम्पनीको पहिलो त्रैमासमा शेयरको कायम अधिकतम मूल्य, न्यूनतम मूल्य, अन्तिम मूल्य, कारोबार भएका दिन र शेयर कारोबार संख्या:

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार भएका दिन	शेयर कारोबार संख्या
१,९८०.००	२९६.६०	१,२८०.००	६१	१०,२७,६०३

५. समस्या तथा चुनौती:

बजार व्यवस्थापनका सिलसिलामा रहेका सामान्य चुनौती र बजारमा रहेको विभिन्न प्रतिस्पर्धा यसका चुनौती रहेका छन् । कच्चा पदार्थको मूल्य तथा आपूर्तिमा हुने उतारचढाव र विनिमय दरमा हुने परिवर्तनले गर्दा कच्चा पदार्थहरुको मूल्य अत्याधिक वृद्धिबाट उत्पादन लागत वृद्धि हुनगएको र यसले खर्च व्यवस्थापनमा केही चुनौती थपेको छ । बजारमा स्वदेशी तथा विदेशी स्थापित ब्राण्डहरु संगको तीव्र प्रतिस्पर्धाले बजार विस्तार गर्न र बजार हिस्सा वृद्धि गर्न चुनौति सिर्जना गरेको छ । आन्तरिक तथा वाह्य आर्थिक तथा राजनैतिक कारणहरुले गर्दा मुद्रास्फीति दर वृद्धि भएको कारणले उपभोक्ताको मागमा नकारात्मक प्रभाव पार्न सक्ने स्थिति रहेको छ । साथै, ईन्धन, ढुवानी तथा अन्य सञ्चालन लागतमा भएको वृद्धिले लागत तथा नाफामा थप दवाब पर्न सक्ने सम्भावना देखिन्छ । बजारमा आम ग्राहकहरु माझ आफ्नो उत्पादनलाई प्रभावशाली बनाई हालको बजार हिस्सा कायमै राखी थप बजार हिस्सा ओगट्न सोही अनुरुपको नीति, रणनीति अवलम्बन गरि संस्थाले बिक्री पछि सेवा उपलब्ध गराउने र खर्च व्यवस्थापनमा केही हदसम्म मीतव्ययीता अपनाउँदा यी चुनौतीहरुलाई सम्हाल्न सकिने देखिन्छ ।

६. संस्थागत सुशासन :

कम्पनी सदैव संस्थागत सुशासन कायम राख्न प्रतिवद्ध रहेको छ । सोहि अनुरुप, वर्तमानमा रहेको सञ्चालक समिति लेखा परीक्षण समिति, खरीद उप-समिति, श्रम सम्बन्ध समिति, स्वास्थ्य तथा सुरक्षा समिति संगै अन्य आवश्यक समितिहरुलाई निकट भविष्यमा सिर्जना गरेर आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउन कम्पनी प्रतिवद्ध छ । संस्थागत सुशासन अभिवृद्धिका लागि सञ्चालक समिति तथा व्यवस्थापनले प्रचलित कानुन, नियम तथा नियमाकीय व्यवस्थाको पालना गर्दै संस्थाको सञ्चालन तथा निर्णय प्रक्रियालाई व्यवस्थित बनाएको छ । संस्थाको आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन, आन्तरिक लेखापरीक्षण तथा वित्तिय प्रतिवेदन प्रणालीलाई थप प्रभावकारी बनाईएको छ ।

७. सत्य, तथ्यता सम्बन्धमा प्रबन्ध सञ्चालकको उद्घोषण :

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानी कर्ताहरुलाई सुसूचित हुन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।